लेखापरीक्षण प्रतिवेदन

मालारानी गाउँपालिका, अर्घाखाँची

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

मालारानी गाउँपालिका, अर्घाखाँची

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/468

श्रीमान् अध्यक्षज्यू,
मालारानी गाँउपालिका,
गाँउ कार्यपालिकाको कार्यालय, अर्घाखाँची।

विषय- लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/468

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान अध्यक्षज्यू ,

मालारानी गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

मालारानी, अर्घाखाँची ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिमको ढाँचामा वित्तीय विवरण तयार तयार गर्नु पर्नेमा यस पालिकाले अन्तरसरकारी अख्तियारी तर्फको आर्थिक कारोबारको विवरण समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. गाउँपालिकाको आय- व्यय तर्फ रु. १ अर्ब ४३ करोड १४ लाख ५८ हजारको लेखापरीक्षणबाट रु.४२ लाख २५ हजार बेरुजू देखिएकोमा प्रतिक्रिया प्राप्त नभएकोले प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६७ हजार , नियमित गर्नुपर्ने रु.४१ लाख ५८ हजार गरी जम्मा रु.४२ लाख २५ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. ११ करोड ८१ लाख ६७ हजार रहेकोमा यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजू रु. १२ करोड २३ लाख ९२ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।)

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत मालारानी गाँउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएका	प्रमाण कागजात पेश नभएका	जिम्मेवारी नसारेका	सोधभर्ना नलिएका	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
७०	३	४२,२५,२८४	०	०	०	०	७०	३	४२,२५,२८४	०	४१,५८,४१६	६६,८६८	०	०	४२,२५,२८४	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
अर्घाखाँची	११,८१,६६,९५१	0	०	११,८१,६६,९५१	०	४२,२५,२८४	१२,२३,९२,२३५

मालारानी गाउँपालिका, अर्घाखाँची

(८०५५१९५०३३००)

मालारानी गाउँपालिका , अर्घाखाँची

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो।स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ।यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल १०१.०६ वर्ग किलोमिटर तथा जनसंख्या २४ हजार १५० रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।३ देखि २०८२।५।४ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८२, निकायगत लेखापरीक्षण योजना, लेखापरीक्षण नीति मानदण्ड, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यास, लिखित प्रतिनिधित्व पत्र एबं लेखापरीक्षण अनुवन्धपत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानि लेखापरीक्षण सम्पन्न गरिएको छ ।लेखापरीक्षण टोलिमा रहेको सिमित साधन र श्रोत, सूचनाको पहुचमा हुने सिमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी बैद्यता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट (Sampling) गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षकको जिम्मेबारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिबेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेबारी व्यवस्थापन पक्षको रहेको छ । पालिका अन्तर्गत एक विद्यालयको मात्र स्थलगत अवलोकन गरिएको र स्रेस्ता परीक्षणलाई मात्र लेखापरीक्षणको आधार मानिएको छ । सारभुतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ ।छलफल भइ पेश भएका थप कागजातहरु समेत परीक्षण गर्दा कायम हुन आएका व्यहोराहरु निम्नानुसार रहेका छन्ः

(ङ) आर्थिक कारोबारको स्थिति :- कार्यालयको रु. १ अर्व ४३ करोड १४ लाख ५८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(च) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ५१८३२५।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

वापत	**रकम**	**मिती**	**दाखिलाभएकोबैंक**
७ जनावाट दोहोरो बैठक भत्ता असुली	८५००	०८२।५।२९	मालारानी गाउपालिका
बढी भुक्तानी	७६००	०८२।५।२९	मालारानी गाउपालिका
सामाजिक सुरक्षा भत्ता – बढी भुक्तानी	२५३०३	०८२।५।२०	राष्ट्रिय वाणिज्य बैक
अनुदान फिर्ता	४७६९२२	०८२।६।५	राष्ट्रिय वाणिज्य बैक
जम्मा	५१८३२५		

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **स्थानीय संचित कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोवारको एकीकृत विवरण निम्न बमोजिम रहेको छ।

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात		३२९९४८३३	**चालु खर्च**		**३९२२५०२३१**
१.संचित कोष	१३५७३७८९		१. पालिका तर्फ	१११७०९०६९	
२.धरौटी	१४३०३३८१		२. संघीय सशर्त	२७७६८५११४	
३.कार्यसञ्चालन कोष	४७१७४७०		३. संघीय विशेष	०	
४. अन्य कोष(प्रकोप व्यबस्थनपन कोष /बिभाज्य कोष)	४००१९४		४. प्रदेश सशर्त	८५६०४८	
यस वर्षको आय			५. प्रदेश विशेष	२००००००	
१.आन्तरिक आय	९६२३३५१	९६२३३५१	**पुँजीगत खर्च**		**१४८४०४८३४**
२. वित्तीय हस्तान्तरण (संघ)		५००७८८२२७	१. पालिका तर्फ	१०३८०४८९२	
क) समानीकरण अनुदान	९६१६४४८०		२. संघीय सशर्त	१९५०२६००	
ख) राजस्व बाँडफाँट	८८९९८८२६		३. संघीय विशेष	१०५०००००	
ग) सशर्त अनुदान	३०५१२४९२१		४. संघीय समपुरक	०	
घ) समपुरक अनुदान	०		५. प्रदेश सशर्त	८४०४०००	
ङ) विशेष अनुदान	१०५०००००		६. प्रदेश विशेष	२००००००	
च) रोयल्टी			७. प्रदेश समपुरक	४१९३३४२	
छ) अन्य			**अन्तर सरकारी अख्तियारी (संघ)**		**१६४७०००५२**
३. वित्तीय हस्तान्तरण (प्रदेश)		२८७९७५५५	क) सामाजिक सुरक्षा	१६३७१००५२	
क) समानीकरण अनुदान	७०४९०००		ख) स्वास्थय क्षेत्र सुधार कार्यक्रम	९९००००	
ख) राजस्व बाँडफाँट	५८६९८५५		…………..		
ग) सशर्त अनुदान	९३०४०००		**अन्तर सरकारी अख्तियारी (प्रदेश)**		
घ) समपुरक अनुदान	४५७४७००		**ऋण फिर्ता(साँवा)**		
ङ) विशेष अनुदान	२००००००		**ऋणको ब्याज भुक्तानी**		
च) रोयल्टी			**धरौटी फिर्ता तथा सदर स्याहा**	२०५११८४	**२०५११८४**
छ) अन्य			**कार्यसञ्चालन कोषबाट भएको खर्च**		
४. अन्तर सरकारी अख्तियारी (संघ)			**अन्य कोषबाट भएको खर्च**		
क) सामाजिक सुरक्षा	१६३७१००५२।१	१६३७१००५२।१	**गैरसरकारी संस्थाबाट सञ्चालित योजना**		

ख) स्वास्थय क्षेत्र सुधार कार्यक्रम	१०५००००		**अन्य सहयोगमा सञ्चालित योजना**		
…………..			**अन्य खर्च भएमा**		
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)			**अनुदान फिर्ता**	६००००	६००००
६. ऋण/ वित्तीय व्यवस्था			१. संघ तर्फ		८२३८८७३
७. धरौटी आय	५६९४७८१	५६९४७८१	क) सशर्त अनुदान	८२३८८७३	
८. कार्यसञ्चालन कोष आय			ख) विशेष अनुदान	०	
९. अन्य कोषको आय			ग) समपुरक अनुदान	०	
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना			२. प्रदेश तर्फ		**४२५३११**
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना			क) सशर्त अनुदान	०	
१२. अन्य आय भएमा	५००००००	५००००००	ख) विशेष अनुदान	४३९५२	
रोयल्टी पालिका	६६३६०८	६६३६०८	ग) समपुरक अनुदान	३८१३५९	
			अन्तिम मौज्दात		**३२१९१९२४**
			१. संचित कोषको मौज्दात	१३२३५६४९	
			२. धरौटी	१७८१२९५०	
			३. कार्यसञ्चालनकोष	२७८७८२	
			४. स्थानिय तह प्रकोप व्यवस्थापन कोष खाता	८६४५४४	
जम्मा		**७४८३२२४०८**	**जम्मा**		**७४८३२२४०८**

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **वित्तीय विवरण -**

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-१) सम्बन्धमा निम्नानुसार देखिएको छः

३.२ **शुत्र प्रणाली कार्यान्वयन -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-१) तयार गर्नुपर्दछ। पालिकाले सिग्यासतर्फको अन्तरसरकारी अख्तियारीतर्फको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१६,३७,१०,०५२।००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. १०,५०,०००।००, समेत गरी रु १६,४७,६०,०५२।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.३ **फरक हिसाब** –यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-१) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार रु. २६,६७४।०० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं. २७०-१ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	**गतवर्षकोजिम्मेवारी**	**यसवर्षकोप्राप्ति**	**यसवर्षकोभुक्तानी**	**बैङ्कमौज्दात**
सुत्रअनुसारकोवार्षिकप्रतिवेदन(म.ले.प.फा.नं.२७०-१)	१,३५,७३,७८९	५३,६९,१६,९२३	५३,७२,८१,७३७	१,३२,०८,९७५
एकीकृतआर्थिकविवरणअनुसार				१,३२,३५,६४९
फरक				**२६६७४**

३.४ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.३,२२,७५,१४५।०० मौज्दात रहेकोमा यो वर्ष रु.३,२९,९४,८३३।०० जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.७,१९,६८८।०० घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

३.५ **अनुदान फिर्ता** – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । निकासा भएकोमा पालिकाले खर्च गर्न वाँकी रहेको रकम खर्च नभई बाँकी रहेकोमा नेपाल सरकारलाई २०८२।६।५ मा रु. ४,७६,९२१।७० फिर्ता भएको छ ।

४ आन्तरिक नियन्त्रण प्रणाली :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा एकिकृत रुपमा गरेको पाईएन ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

• तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने व्यवस्था रहेकोमा पालिकाले तलवी प्रतिवेदन वेगरनै खर्च लेखेको छ ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखि रहेको पाइयो ।साथै पालिकाले इन्धन, गाडि भाडा तथा अतिथि सत्कार जस्ता चालु खर्चमा नियन्त्रण गरी नागरिक लाभ हासिल हुने उत्पादकत्वमूलक पूर्वाधारका क्षेत्रमा खर्च केन्द्रित गर्नु पर्दछ ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँज गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• पालिका अन्तर्गत रहेको सार्वजनिक सम्पत्तिको अभिलेख अद्यावधिक रुपमा राखेको देखिएन ।

• डोर हाजिरीको प्रयोग कतिपय फाइलमा गरिएको नदेखिएकोले महालेखा परिक्षकको कार्यालयबाट स्वीकृत भएका मलेप फारामहरुको प्रयोग गर्नुपर्दछ।

• पालिकासँग व्याकहोलोडर, ट्र्याक्टर र एम्बुलेन्स रहेकोमा इन्धन र मर्मत खर्च उच्च भएपनि सोबाट भएको आम्दानीको अभिलेख व्यवस्थित नराखेकाले यसवाट भएको आम्दानी र खर्च यकिन गर्न सक्ने अवस्था छैन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुमा तयार नगरेको । कतिपय योजनाहरुको लागत अनुमान तयार तथा स्वीकृती, नापी मूल्याकन, जाँच, स्वीकृती, ठेक्का बिल र कार्यसम्पन्न प्रतिवेदन तयार, स्वीकृत जस्ता आधारभुत कार्य नभएको र उक्त कागजात कतिपयमा मिति समेत उल्लेख नभएको पाइयो ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था भएपनि निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन अनुसार नापी किताव तयार गरी उक्त नापी कितावलाई नियमको प्रावधान अनुरुप अद्यावधिक गरी राख्नुपर्नेमा योजनाहरुको नापी लुज पेपरमा भर्ने गरेको पाइयो।अतःयोजनागत नापी किताव बनाई भएको कार्य र खर्चको विवरण अद्यावधिक गरी राख्नुपर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन ।

• एक लाख भन्दावढीको मालसामान खरीद गर्दा सार्वजनिक खरीद नियमावलीको नियम ११ वमोजिम कतिपय खरिदमा लागत अनुमान तयार नगरेको ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा पूर्णरुपले पालना भएको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको

• पालिकाले नदिजन्य पद्धार्थ संकलन सम्बन्धि कुनै आय प्राप्त गरेको देखिएन ।

• भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि कार्यालयले तोकेको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले आन्तरिक नियन्त्रण प्रणालीको विकास गर्नुपर्नेमा भ्रमण अभिलेख खाता अद्यावधिक नरहेकोले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चको आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ गर्नुपर्दछ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

५ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

(रु हजारमा)

बजेटउपशिर्षक	कुलखर्च	त्रैमासिकखर्च				
		प्रथमत्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रोत्रैमासिक	चौथोत्रैमासिक	आषाढमहिना
पूँजिगतखर्चतर्फ	१४८१०३	२३८८४	१९५२९	३३०८४	७१६०७	४४८८३
प्रतिशत	१००.००	१६.१३	१३.१९	२२.३४	४८.३५	३०.३१

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. १४,८१,०३,००० निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. २,३८,८४,००० (१६.१३%), दोस्रो त्रैमासिकमा रु. १,९५,२९,००० (१३.१९%), र तेस्रो त्रैमासिकमा रु. ३३,०८४,००० (२२.३४%), खर्च गरेको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ४,४८,८३,००० (३०.३१%), खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

६ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ ।जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २३ वटा ऐन, ७ वटा नियमावली, ९४ कार्यविधि, गरी १२४ कानुन निर्माण गरी कार्यान्वियनमा ल्याएको छ । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ।

७ सेवा प्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिएको सेवाप्रवाहको स्थिति देहाय बमोजिम छ।

विवरण		संख्या
जन्मदर्ता		७५९
मृत्युदर्ता		१३२
बसाईसराई दर्ता	बसाई सरी आएको	६
	बसाई सरी जाने	८०
विवाह दर्ता		३५८
सम्बन्धविच्छेद दर्ता		४०
जम्मा दर्ता संख्या		१४७६

स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाहरु मध्ये पञ्जिकरण बाहेकका अन्य सेवाहरुको अभिलेख व्यवस्थित राख्ने गरेको नपाइएकाले पालिकले प्रदान गरेका सेवाहरु वापत पालिकालाई प्राप्त हुनुपर्ने राजश्व रकम वास्तविक रुपमा प्राप्त भएको/नभएको यकिन गर्न सकिएन। अतः पालिका तथा वडाहरुले प्रदान गर्ने सेवाहरुको मासिक एवं वार्षिक प्रतिवेदन तयार गर्नु पर्दछ।

८ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ।समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था

छ।तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ३ र यो बर्ष १० वटा उजुरी परेकोमा ९ मात्र वटा उजुरी फछ्यौंट भएको एवं ४ वटा फस्र्योट हुन बाँकि देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

९ सामाजिक तथा वित्तीय लेखापरीक्षण

कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २०८१।८२) बमोजिम पालिका अन्तर्गतका १४ माध्यमिक विद्यालय र ४७ आधारभुत विद्यालयलाई क्रमशः १५ हजार र १० हजारका दरले सार्वजनिक परीक्षण तथा लेखापरीक्षण बापत निकासा दिनुपर्ने व्यवस्था छ । पालिकाले यसवर्ष रु. ६,८०,००० निकासा दिएकोमा पारदर्शिता र जवाफदेहिताको सुनिश्चितताको लागि सबै विधालयहरुले लेखापरीक्षण गराई पहिलो त्रैमासिक निकाशा दिनु अघि सम्म सामाजिक परीक्षण प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा केहि विधालयहरुको आर्थिक तथा सामाजिक लेखापरीक्षण प्रतिवेदन लिएको देखिएन। नियममा व्यवस्था भए बमोजिमको कार्य गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ।

१० स्थानीय तहका पदाधिकारी सुविधा

नेपालको संविधानको धारा २२७ मा गाँउसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाको सम्बन्धमा प्रदेश कानुन बमोजिम हुने व्यवस्था अनुसार लुम्बिनि प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधासम्बन्धी ऐन, २०७६ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट देहायबमोजिम रु. ९५,७१,००० सुविधाबापत भुक्तानी भएको छ ।

सि.नं	विवरण	प्रमुख/ अध्यक्ष	उपप्रमुख/ उपाध्यक्ष	वडाअध्यक्ष ९ जना र २ कार्यपालिका सदस्य	कार्यपालिकासदस्य ४ जना	सभाकासदस्य २९	जम्मा
१	बैठकभत्ता	२१०००	२१०००	२३१०००	८४०००	१४५०००	
२	यातायातखर्च	-	-	१००००	६०००	३०००	
३	टेलिफोन,मोबाइल	३५००	३०००	३०००	३०००	२५००	
४	पुस्तक,पत्रपत्रिका, ईन्टरनेट	४०००	४०००	३०००	३०००	२०००	
५	जनसम्पर्क	१००००	८०००	६०००	५०००	३०००	
६	अतिथिसत्कार	६०००	५०००	४०००	-	-	
७	खानेपानी/बिजुली/सरसफाई	५०००	५०००	-	-	-	
९	मर्मत सम्भार	५०००	५०००	-	-	-	
	मासिक भुक्तानि	३३५००	३०००	२६०००	१७०००	१०५००	
	बार्षिक	४०२०००	३६००००	३१२०००	२०४०००	१२६०००	
८	चाडपर्वखर्च	१५०००	१५०००	१२०००	१००००	३६५४०००	
	जम्मा	४३८०००	३९६०००	३७९५०००	९४००००	४००२०००	९५७१०००

११ शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS)

कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २०८१।८२) मा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सोका आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रु ४०० का दरले, सिमान्तकृत एव तोकिएको लक्षित समुहलाई रु ५०० को दरले, शिक्षण सिकाइ सामाग्री तथा Book Corner व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रु १५० का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रु २०० का दरले, प्रति

विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु ५०० का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु २०० का दरले अनुदान दिने व्यवस्था छ । कार्यालयले EMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको पाइएन। जसले गर्दा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन। कार्यालयले कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख भए बमोजिम EMIS डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सोही आधारमा मात्र अनुदान निकासा दिनुपर्दछ।

१२ शैक्षिक प्रतिवेदन

अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक पालिकले गाउँ सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पूरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत र अन्य आवश्यक कुरा सहितको प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउन पर्ने उल्लेख छ। पालिकाले उक्तानुसार प्रतिवेदन पेश गरेको देखिएन। कानूनमा व्यवस्था भए बमोजिम शैक्षिक प्रतिवेदन तयार गर्नु पर्दछ।

१३ पारदर्शिता

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ मा (२) स्थानीय तहले भुक्तानी गरेको रकम बुझी लिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नु पर्ने, उपदफा ३ मा भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ।पालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली आफ्नो वेभसाइटमा राखेको पाईएन। सामाजिक सुरक्षा भत्ता वितरण कार्य प्रक्रियालाई पारदर्शि बनाउन नगरपालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली आफ्नो वेभसाइटमा समेत राख्ने व्यवस्था मिलाउनु पर्दछ ।

१४ शिक्षकको तलब निकासा

स्थानीय र प्रदेश तहमा शसर्त एवं शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वियन हुने कार्यक्रम कार्यान्वियन पुस्तिका 2077/78 को खण्ड २ मा स्थानीय तहले कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकिन विवरण शिक्षा विकास तथा समन्वय ईकाइबाट प्राप्त गरी वा अध्यावधिक गरी सोही अनुसार दरबन्दीमा, राहत कोटा र प्रा.वि. तर्फका अनुदानमा कार्यरत शिक्षकहरुको लागी विद्यालयबाट प्राप्त माग फाराम रुजु गरी अनुदान उपलव्ध गराउनुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष प्रथम त्रैमासिक रु.६,५६,०५,७५०.९३, दोस्रो त्रैमासिक रु.५,२४,७१,६४९.९१, तेस्रो त्रैमासिक रु.५,७५,००,७४८.४९ र चौथो त्रैमासिक रु.५,४५,९३,४६५.९६ गरी जम्मा रु.२३,०१,७१,६१५.३ शिक्षकको तलव भत्ता वापत निकासा गरिएको छ।

निकासा दिँदा श्रेस्तासाथ शिक्षकको नामनामेसी सहितको निकासाको विवरण संलग्न गरेको देखिएन ।यसले गर्दा विद्यालयलाई वास्तविकरुपमा निकासा दिनुपर्ने र भुक्तानी दिएको रकमबारे भिडान गर्न कठिन हुने हुँदा विद्यालयगत निकासा रजिस्ट्रर अद्यावधिक गरी राख्नुपर्दछ।

१५ शिक्षक दरबन्दी र पदपूर्ति

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठन व्यवस्था गर्नुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ६१ सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्न रहेको देखिन्छ।

क्र.स.	विद्यालयको नाम र ठेगाना	वडा नं	सञ्चालित कक्षा	विद्यार्थी संख्या शैक्षिक सत्र २०८१ को IEMIS अनुसार	जम्मा दरवन्दी संख्या	पदपूर्ति संख्या	पदपूर्ति मध्ये करार
१	सिद्ध ने.रा. मा.वि. मरेङ्ग	१	१-१०	१९६	१३	१३	७
२	जनपृय आ.वि. मरेङ्ग	१	१-२	१९	१	१	०
३	जनजागृति आ.वि. मरेङ्ग	१	१-३	११	२	२	०
४	प्रगति आ.वि. अर्घातोष	१	१-३	१०	१	१	०
५	जनता आ.वि. मरेङ्ग	१	१-५	२९	३	३	१
६	सरस्वतिमाता मा.वि. डाँडाकटेरी	२	१-१०	१६२	१४	१४	९
७	विरेन्द्र मा.वि. मरेङ	२	१-१२	२७८	१६	१६	१२
८	देउराली आ.वि. मरेङ्ग	२	१-३	३२	२	२	१
९	जनसेवा आ.वि. अर्घातोष	२	१-५	३५	३	३	१
१०	सर्वोदय बा.वि.के. अर्घातोष	२	बावि	४	०	०	०
११	आदर्श मा.वि. खनदह	३	१-१२	४६४	१८	१७	६
१२	नर्सरी आ.वि. खनदह	३	१-२	२४	१	१	०
१३	शिशुकल्याण आ.वि. खनदह	३	१-२	१८	१	१	१
१४	नवज्योति आ.वि. खनदह	३	१-३	१५	१	१	०
१५	सुन्दरा आ.वि. सावडाँडा	३	१-५	१८	३	३	१
१६	सरस्वती आ.वि. खनदह	३	१-५	३४	३	३	०
१७	जनता बा.वि.के. आरुवुटा	३	बावि	३	०	०	०
१८	जीवनज्योति बा.वि.के. खनार	३	बावि	८	०	०	०
१९	किरण मा.वि. खन	४	१-१०	१८५	१४	१४	४
२०	कालिका ने.रा. मा.वि. खन	४	१-१२	४०३	१७	१७	८
२१	देउराली आ.वि. खन	४	१-२	१३	१	१	०
२२	सार्वजनिक आ.वि. खन	४	१-२	१४	१	१	०
२३	शान्ति आ.वि. खन	४	१-३	५३	३	३	२
२४	समाजकल्याण आ.वि. खन	४	१-३	४३	३	३	३
२५	जनता आ.वि. खन	४	१-५	५१	५	५	४
२६	मुक्ति आ.वि. खन	४	१-५	३६	३	३	०
२७	जाल्काँडा आ.वि. खन	४	१-५	५०	५	५	२
२८	नरसिंह आ.वि. बाँगी	५	१	१२	१	१	१
२९	सिद्ध मा.वि. बाँगी	५	१-१०	१०९	१२	१२	७
३०	शान्ति मा.वि. बाँगी	५	१-१२	४१०	२५	२५	१४

३१	नवज्योति आ.वि. बाँगी	५	१-२	२१	१	१	१
३२	मालारानी आ.वि. बाँगी	५	१-३	१७	१	१	०
३३	ज्योति आ.वि. बाँगी	५	१-३	२३	२	२	१
३४	ज्ञानदीप आ.वि. बाँगी	५	१-५	२५	३	३	२
३५	संगम आ.वि. बाँगी	५	१-५	२२	३	३	१
३६	जनता आ.वि. बाँगी	५	१-५	२८	३	३	१
३७	सुन्दर आ.वि. बाँगी	५	१-८	७५	७	७	२
३८	सूर्योदय बा.वि.के. बाँगी	५	बावि	५	०	०	०
३९	ध्रुवतारा बा.वि.के. बाँगी	५	बावि	१	०	०	०
४०	अर्घामिहेलपानी मा.वि. मेहेलपानी	६	१-१०	१४४	१३	१३	७
४१	सिद्धार्थ मा.वि. रतनमारे	६	१-१२	४८४	१८	१८	४
४२	शारदा आ.वि. हंसपुर	६	१-५	४८	३	३	२
४३	सरस्वती आ.वि. हंसपुर	६	१-५	४४	४	४	१
४४	जनक आ.वि. हंसपुर	६	१-५	६५	५	५	२
४५	वैद्यनाथ निमकुमारी बलबहादुर मा.वि. वामरूक	७	१-१२	३०१	१५	१५	४
४६	जनप्रकाश आ.वि. लेवसे	७	१-३	१४	२	२	२
४७	शिवशान्ति आ.वि. हंसपुर	७	१-३	१४	२	२	०
४८	बराह आ.वि. हंसपुर	७	१-५	४०	३	३	१
४९	जनता आ.वि. हंसपुर	७	१-८	७०	७	७	४
५०	बालशिक्षा मा.वि. कमेरेपानी	८	१-१०	२४७	१४	१४	४
५१	जनहित आ.वि. बाँझाखर्क	८	१-३	४०	२	२	०
५२	जनइच्छा आ.वि. हंसपुर	८	१-३	१८	१	१	१
५३	मूल आ.वि. हंसपुर	८	१-८	११५	८	८	३
५४	भूमेदह मा.वि. गोखुङ्गा	९	१-१०	१६६	१४	१३	३
५५	सूर्य मा.वि. गोखुङ्गा	९	१-१२	४०३	१६	१६	५
५६	बालशिक्षा आ.वि. गोखुङ्गा	९	१-३	४१	३	३	१
५७	जनकल्याण आ.वि. गोखुङ्गा	९	१-३	२७	२	२	१
५८	जनता आ.वि. गोखुङ्गा	९	१-३	३७	२	२	१
५९	महादेव आ.वि. गोखुङ्गा	९	१-३	२४	२	२	०
६०	सरस्वती आ.वि. गोखुङ्गा	९	१-८	९५	७	७	२

६१	गोखुङ्गा आ.वि. गोखुङ्गा	९	१-८	१०४	८	८	१
जम्मा				५४९७	३४३	३४१	१४१

विद्यालयको स्विकृत दरबन्दीमा करिब ४१ प्रतिशत करारका शिक्षक पदपूर्ति रहेको देखिन्छ । विद्यालयमा विद्यार्थी संख्या यकिन गरी न्यून विद्यार्थी रहेका विद्यालयलाई मर्ज गरी रिक्त दरबन्दीमा स्थाई पदपुर्ति गर्ने तथा आवश्यक भएमा रिक्त दरबन्दी पदपूर्ति गरी विद्यालयको पठनपाठन तथा व्यवस्थापन चुस्तदुरुस्त पार्नेतर्फ पालिकाको ध्यान केन्द्रित गर्नुपर्दछ।

१६ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वडामा २४ योजना र कार्य स्थलमा आधारित सिप तथा क्षमता विकास तालिम सञ्चालन गरी यस वर्ष ७१ जनालाई औसत ९९ दिनले ७०२९ दिन रोजगारी उपलव्ध गराई रु.४६,९५,३७२ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

१७ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा विगत वर्षको प्रसुति संख्याका आधारमा यस वर्ष परिणाम र लागत अनुमान गरी न्यानो झोलाको लागि सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिका अन्तर्गतका ४ वटा बर्थिङ सेन्टरको लागि २०० थान प्रति दर ८९८.३५(मू.अ.कर सहित) ले खरिद गरेको पाईयो। यस वर्ष पालिकामा दर्ता भएका गर्भवति २७६ महिला मध्ये बर्थिङ्क सेन्टरमा १११ जना प्रसुति भएको र गत वर्ष न्यानो झोलाको मौज्दात स्थिति स्वास्थ्य चौकीमैं रहेको कारण पालिकामा अभिलेख रहेको देखिएन। खरिद भएका न्यानो झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।।

१८ **वडाको जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई वा कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिका कार्यालयबाट खरिद भएका जिन्सी मालसमानहरुको अभिलेख प्रयोजनको लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली प्रयोगमा ल्याएको छ तथापी वडागत रुपमा खरिद भई थप भएका वा वडाको जिन्सीमा दाखिला भएका जिन्सी समानहरुको अभिलेख एकीकृत रुपमा नहुँदा लेखापरीक्षणको क्रममा पालिकाको सबै जिन्सी समानहरुको विश्लेषण गर्न सकिएन । वडागत रुपमा बजेट विनियोजन भई वड़ा तहबाट नै खरीद प्रक्रिया शुरु भई खरिद भएका खर्च भइ जाने र नजाने सबै जिन्सी समानहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अभिलेख नरहेको र म्यानुअल अभिलेख प्राप्त भएकोले वडागत जिन्सी समानको यथार्थता एकिन गर्न सकिएन । सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीलाई वडातहसम्म लागु गरी सबै सरकारी सम्पत्तीहरुको अभिलेख, संरक्षण तथा उपयोगलाई प्रभावकारी बनाइनुपर्दछ ।

१९ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका

आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा कुल ११० योजनामा वजेट विनियोजन गरेको छ।

रु ५ लाख सम्मका योजना संख्या	रु ५ लाख देखि १० लाख सम्मका योजना संख्या	रु १० लाख देखि ५० लाख सम्मका योजना संख्या	रु ५० लाख भन्दा माथिका योजना संख्या	जम्मा योजना संख्या
८२	१३	११	४	११०

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष ११० वटा योजना संचालन गरेकोमा रु. ५ लाख भन्दा मुनिका मात्र ८२ (७४.५ प्रतिशत) वटा योजनाहरु रहेका छन् ।जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमै मासिक समेत प्रश्न उठ्ने गरेको छ ।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

२० उपभोका समितिबाट भएको कामको विलविजक

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) अनुसार उपभोक्ता समिति मार्फत कार्य गर्दा उपभोक्ता समिति वा समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था गरेको छ । यस पालिकामा प्राविधिकले योजनाको Labor and Material Breakdown नगरेको, उपभोक्ता समितिमार्फत गरिएका कामको बिल भरपाई पेश गरेतापनि कागजात परीक्षण गर्दा प्राविधिक बिलमा भएको परिमाण र उपभोक्ता समितिले खरिद गरेको निर्माण सामग्रीको परिमाण फरक रहेको, कार्यालयले उपभोक्ता समितिमार्फत कार्य गराउँदा निर्माण सामाग्रीहरु जिला दररेटमा मूल्य अभिवृद्धि कर थप गरी लागत अनुमान तयार गर्ने गरेकोमा उपभोक्ता समितिले घटी विजक तथा मू.अ.कर पेश गर्ने गरेको देखिएकोले निर्धारित दरविश्लेषण अनुसार नै निर्माणकार्य भएको छ भनि आश्वस्त हुने अवस्था छैन। पालिकाले यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

२१ योजना फरफारक

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) अनुसार उपभोक्ता समिति मार्फत कार्य गर्दा उपभोक्ता समिति वा समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। त्यस्तै नियम ९७(७) अनुसार प्रत्येक किस्ताको खर्चको विवरण सार्वजनिक स्थानमा टॉस गर्नुपर्ने र सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको प्रकिया बमोजिम तोकेको अवधिभिन्न सामाजिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । नियम ९७(१२) अनुसार योजना रेखदेख र मर्मत संभारको जिम्मेवारी तोकी उपभोक्ता समितिलाई योजना हस्तान्तरण हुनुपर्ने समेत व्यवस्था छ। कार्यालयले नियमावलीमा व्यवस्था भए अनुसार खर्च सार्वजनिकीकरण तथा सामाजिक परीक्षण गराएको देखिएन साथै योजनाको मर्मत संभार र रेखदेखको जिम्मेवारी सहित उपभोक्ता समितिहरुलाई योजना हस्तान्तरण भएको देखिएन । अतः नियमको पालना हुनुपर्दछ ।

२२ गुणस्तर व्यवस्थापन

स्थानीय तहले ठेक्का सम्झौता र सार्वजनिक खरीद नियमावलीको नियम १११ को आधारमा गुणस्तर व्यवस्थापन गर्नुपर्नेमा अधिकांश उपभोक्ता समिति तथा ठेक्कातर्फका निर्माण कार्य गराउँदा निर्माण सामाग्रीको गुणस्तर परीक्षण गराएको पाइएन। यसमा सुधार गर्नु पर्दछ ।

२३ सामाजिक सुरक्षा भत्ता

सामाजिक रुपमा पछाडि परेका वर्ग, क्षेत्र र समुदायका नागरिकलाई सामाजिक सुरक्षा कार्यक्रम मार्फत सामाजिक संरक्षण प्रदान गर्न सामाजिक सुरक्षा भत्ता प्रणाली रहेको छ । यो कार्यक्रम अन्तर्गत पालिकाले यस आर्थिक वर्षमा रु.१६,३७,१०,०५२।०० खर्च गरेको छ । सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा, तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या

यकिन गर्नुपर्ने, बैंक मार्फत वितरण गर्नुपर्ने, नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जस्ता जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । लेखापरीक्षण योजना अनुसार वितरण अवस्थाको तथ्याङ्क परीक्षण गर्दा बैङ्क मार्फत वितरण गरेको भत्ताको अद्यावधिक प्रगति प्रतिवेदन लिने गरेको देखिएन ।

२४ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र २४ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट १४ वटाले विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन,नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२५ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको संशोधित अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तूर लगायत शिर्षकमा अनुमानित रु. ६५,०७,०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१/८२ मा रु. ९६२३३५१।२८ अर्थात् अनुमान भन्दा ४७.८ प्रतिशत बढी आय प्राप्त गरेको छ।आय अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको संशोधित अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तूर लगायत शिर्षकमा अनुमानित रु. ६५,०७,०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१/८२ मा रु. १,१०,३८,४८१।६९ अर्थात् अनुमान भन्दा ६९.६४ प्रतिशत बढी आय प्राप्त गरेको छ।

आ.व. २०८०/८१			**आ.व. २०८१/८२**		
आन्तरिक आयको अनुमान	आन्तरिक आयको यथार्त संकलन	अनुमान भन्दा बढी अशुलि प्रतिशत	आन्तरिक आयको अनुमान	आन्तरिक आयको यथार्त संकलन	अनुमान भन्दा बढी अशुलि प्रतिशत
८०,००,०००	१,०६,५६,४११.४८	३३.२१	६५,०७,०००	९६२३३५१।२८	४७.८

गत आर्थिक वर्षमा रु ८०,००,००० आय अनुमान गरिएकोमा अनुमान भन्दा ३३.२१ प्रतिशत बढी आय संकलन भएको देखियो। तथापी यस आर्थिक वर्ष रु ६५,०७,००० मात्र आय अनुमान गरीएकोमा अनुमान भन्दा ६९.६२ प्रतिशत बढि रु १,१०,३८,४८१.६९ असुल भएको छ।

२६ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रिय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
४०३३३८९९७।६०	९६२३३५१।२८	२.३८

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.३८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने

देखिन्छ ।

२७ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

क्र.स.	राजश्वसंकेत	राजश्वशीर्षक	आ.व०८१/८२अनुमान	आ.व. ०८१/८२यथार्थ	अशुलिप्रतिशत
१	११३१३	सम्पतीकर	०	१७९९८८	-
२	११३१४	भुमिकर/मालपोत	२५००००	२५९८०५	१०४
३	११३१७	वहालकर	१४००००	४२९५८१	३०७
४	११३१८	वहालविटौरीकर	५००	२६०००	५२००
५	११६३२	ओखेटोपहरामालाग्नेकरजडिबुटीकवाडीरजिवजन्तुकर	१०००००	०	०
६	११४५१	सवारीसाधनकर	१०००	५००	५०
७	१४१५१	सरकारीसम्पतीकोवहालबाटप्राप्तआय	६१००००	९७५८१०	१६०
८	१४२१९	अन्यसेवाशुल्कतथाबिक्रि	३८००००	२९२९०९१	७७१
९	१४२२१	न्यायिकदस्तुर	३,०००	३५००	११७
१०	१४२२३	शिक्षाक्षेत्रकोआम्दानी	१५,०००	८३९५०	५५९
११	१४२२४	परीक्षाशुल्क	१००,०००	७५६००	७६
१२	११६९१	अन्यकर	३२००००	०	०
१३	१४२२९	अन्यप्रशासनिकसेवाशुल्क	२५००००	४४९०००	१७९
१४	१४२४९	अन्यदस्तुर	५०००००	०	०
१५	१४२४३	सिफारिशदस्तुर	१८०५०००	११६७१९३	६५
१६	१४२४४	व्यक्तिगतघटनादस्तुर	४५००००	६४७१००	१४४
१७	१४२४५	नाताप्रमाणितदस्तुर	९५०००	७८३००	८२
१८	१४२५४	रेडियो/एफ.एम. संञ्चानलदस्तुर	९५००	४८९०	५१
१९	१४५२९	अन्यराजश्व	०	१४०१६०	-
२०	२४३१२	प्रशासनिकदण्डजरिवानाजफत	०	९९५२८	-
२१	१४६११	व्यवसायकर	५१००००	९६०१२५	१८८
२२	१५१११	बेरुजु	०	९३७२२४	-
२३	३३३६६	दहत्तरबहत्तरशुल्क	१५००००	६६३६०७	४४२
२४		एम्बुलेन्ससंचालनबाटप्राप्तआय	७९५०००	७२४५७०	९१
२५		ट्याक्टरसंचालनबाटआम्दानी	२३०००	२०२९६०	८८२
		जम्मा	६५०७०००	**१,१०,३८,४८२**	१७०

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं कर बुझाउन ल्याएको अवस्थामा मात्र बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ। उल्लेखित आन्तरिक आयमा दहत्तर बहत्तर शूल्क समावेश गरिएको छ।

२८ **राजस्व दाखिला तथा लेखा**

आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानून बमोजिम प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजस्वको लेखा राखी बैँक दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। पालिका तथा वडाहरुद्वारा संकलन गरिएको राजश्व भौगोलिक विकटता उल्लेख गरी नियमानुसारको समयावधी भित्र दाखिला गरेको पाइएन। पालिकाले राजश्व रकम समयमै दाखिला गर्ने व्यवस्था मिलाउनु पर्दछ।

राजश्व संकलन गर्ने कार्यालय	नगद रकम (रु.) (गत वर्षको मौज्दात सहित)	राजश्व दाखिला पटक	औषत दाखिल दिन	औषत रकम दाखिला (रु.)
मालारानी गाँउपालिका	३६३३१७७.९३	१०९	३.३५	३३३३१.९१
वडा नं १	३४२६५९.८८	४२	८.६९	८१५८.५७
वडा नं २	६४३७४४.२८	४४	८.३०	१४६३०.५५
वडा नं ३	६८५९८६.७१	६९	५.२९	९९४१.८४
वडा नं ४	७४०९७०.७१	२८	१३.०४	२६४६३.२४
वडा नं ५	६९७८५८.५५	४९	७.४५	१४२४२.०१
वडा नं ६	४८७९८९.७२	१३	२८.०८	३७५३७.६७
वडा नं ७	३३८९८५.१७	१७	२१.४७	१९९४०.३०
वडा नं ८	३८१६०३.३४	१४	२६.०७	२७२५७.३८
वडा नं ९	३६५३१४.४५	१३	२८.०८	२८१०१.११
जम्मा	८३,१८,२९०.७४	३९८.००		

२९ **राजश्व वाँडफाँड**

स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको राजश्व वाँडफाँड गरेको छ ।

आय शीर्षक	संकलित रकम	प्रदेशलाई पठाउनु पर्ने प्रतिशत	पठाएको रकम	पठाउन बाँकी रकम
अन्य	११,०६,०१३	४०	४,४२,४०५	०

३० **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ९,६०,१२५ सङ्कलन गरेको पाइयो। पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख देहाय बमोजिम छ।

वडानम्बर	जम्माव्यवसायसंख्या	नविकरणनभएका	दर्तानभएका
वडा नम्बर १	३७	८	४
वडा नम्बर २	४६	२२	४
वडा नम्बर ३	१५६	५०	१५
वडा नम्बर ४	६९	३६	७
वडा नम्बर ५	८७	४६	९
वडा नम्बर ६	११८	७०	१६
वडा नम्बर ७	२७	१३	५
वडा नम्बर ८	१९	८	३
वडा नम्बर ९	५३	१०	३
जम्मा	**६१२**	**२६३**	**६६**

६१२ वटा व्यवसाय रहेको पालिकामा २६३ व्यवसाय नविकरण नभएको तथा ६६ व्यवसायहरु दर्ता नै नभएको अवस्थामा पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायहरुलाई दर्ता तथा नियमानुसार नविकरण गराउन प्रेरित गर्नुपर्दछ । साथै सो सम्बन्धी अभिलेख अद्यावधिक राखी व्यवसायीलाई करको दायराभित्र ल्याउनु पर्दछ ।

३१ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	**क्षेत्र**	**बजेट**	**खर्च**	**खर्च प्रतिशत**
				जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	२५४९५११६	२१६६४१३७	४।०३
२	पूर्वाधार विकास	११३८७१३२९	८८१८६९७०	१६।४
३	सामाजिक विकास	३६४१४१४९१	३२१८६७३३७	५९।८५
४	बातावरण तथा विकास	०	०	०
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	१०१००००	६०९९७४	०।११
६	अन्य कार्यालय संचालन तथा प्रशासनिक	१२४६४४५०२	१०५४२५६८२	१९।६
जम्मा			५३७७५४१००	

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ५९.८५ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा ०.११ प्रतिशत रहेको छ ।

३२ **मुख्य चाडपर्व खर्च**

महालेखा नियन्त्रक कार्यालयको प.सं.-२०७२/७३, च.नं.१३, मिति २०७३/२/२४ को निर्णयानुसार निर्णय नं.१ मा निजामती सेवा ऐन,२०४९ को दफा ३२(१) तथा नियमावली, २०५० को नियम १२८(१) र (३) मा व्यवस्था भए अनुसार यसरी नियुक्ती हुने

कर्मचारीहरुबाट निजहरुले मानि आएको धर्म (सिटरोल फारममा उल्लेख भएको) अनुसारको मुख्य चाडपर्व पर्ने सम्भावित महिनाको लिखित जानकारी लिई चाडपर्व खर्च भुक्तानी गर्ने र निर्णय नं. ४ मा निजामति सेवा नियमावलीको नियम १२८(३) बमोजिम एक पटक चाडपर्व खर्च लिन रोजेको पर्व र महिना परिवर्तन गर्न नपाउने भएकोले सम्बन्धित कार्यालयको आन्तरिक लेखापरीक्षण गर्दा चाडपर्व खर्च भुक्तानीको अभिलेख समेत परीक्षण गर्ने र नियम विपरीत चाडपर्व खर्च लिए/दिएको पाइए असूल उपर गर्ने उल्लेख छ। पालिकाले विद्यालयमा नयाँ नियुक्त शिक्षकहरुको मुख्य चाडपर्व पर्ने सम्भावित महिनाको लिखित जानकारी नलिई चाडपर्व खर्च भुक्तानी गरेको देखियो।

क्र.स.	विद्यालयको नाम	तह	शिक्षकको नाम	नियुक्ति मिति	चाडपर्व खर्च रू.
१	सिध्दार्थ मा वि हंसपुर	प्राथमिक	सरस्वता राउत चौहान	०५/१३/२०८१	३२९०२
२	सिध्दार्थ मा वि हंसपुर	प्राथमिक	मिना चौहान	०५/१३/२०८१	३२९०२
३	बालशिक्षा मा वि हंसपुर	प्राथमिक	अविना गौतम चौहान	०५/१३/२०८१	३२९०२
४	महादेव आ वि गोखुङ्गा	प्राथमिक	विपना थापा	०५/१३/२०८१	३२९०२
५	जालकाँडा आ वि खन	प्राथमिक	लिलाधर पौडेल	०५/१३/२०८१	३२९०२
६	अर्घा मेहेलपानी मा वि मेहेलपानी	निम्न माध्यमिक	मोहन भुसाल	०५/१३/२०८१	३४७३०
७	अर्घा मेहेलपानी मा वि मेहेलपानी	निम्न माध्यमिक	डिलाराम मुखिया	०६/०९/२०८१	३४७३०
८	भुमेदह मा वि गोखुङ्गा	निम्न माध्यमिक	सन्दिप वि क	०४/२८/२०८१	३४७३०
९	भुमेदह मा वि गोखुङ्गा	प्राथमिक	विपना भुसाल	०५/१३/२०८१	३२९०२
१०	बालशिक्षा मा वि हंसपुर	प्राथमिक	सिता पन्थी	०५/१३/२०८१	३२९०२
११	सरस्वती आ.वि गोखुङ्गा	निम्न माध्यमिक	मनिषा पन्थी	०४/२८/२०८१	३४७३०
१२	किरण मा वि खन	निम्न माध्यमिक	भगवता पौडेल	०६/०६/२०८१	३४७३०
१३	सिद्धार्थ मा वि रतनमारे	माध्यमिक	दिपा भट्टरा्इ	०४/२७/२०८१	४३६८९
१४	सिद्धार्थ मा वि रतनमारे	निम्न माध्यमिक	विश्राम बोहोरा	०५/०५/२०८१	३४७३०
१५	भुमेदह मा वि गोखुङ्गा	माध्यमिक	समिक्षा रोकाहा मगर	०६/०६/२०८१	४३६८९
१६	सरस्वती आ.वि गोखुङ्गा	निम्न माध्यमिक	रिता पन्थी	०५/१२/२०८१	३४७३०
१७	किरण मा वि खन	माध्यमिक	विरेन्द्र घिमिरे	०६/०६/२०८१	४३६८९

३३ **गत वर्षको दायित्व भुक्तानी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(२) अनुसार चालु वर्षको विनियोजन बजेटले नखाम्ने गरी बढी खर्च गरेर दायित्व सिर्जना गर्न नहुने तथा नियम (१५) अनुसार तलब, महंगी भत्ता, सरुवा भ्रमण खर्च, घर भाडा, पोशाक, खाद्यान्न, औषधी उपचार, विरामी र बन्दीको सिदा, स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग भएको सम्झौता बमोजिमको रकम लगायतका दायित्व बाहेकका रकम भुक्तानी गर्न नमिल्ने व्यवस्था छ । पालिकाले गत वर्षको दायित्व भुक्तानीको लागी बजेट बिनियोजन गरी रु. २,८१,५३,४७१।०० विभिन्न चालु तथा पुँजीगत शीर्षकमा गरेको छ । नियमावलीमा उल्लेख भए विपरीत बजेटले नखाम्ने गरी बढी खर्च गरेर दायित्व सिर्जना गर्ने तथा वार्षिक कार्यक्रममा समावेश भई कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग भएको सम्झौता बमोजिमको रकम बाहेकका भुक्तानीमा नियन्त्रण गर्नुपर्दछ।

३४ **बार्षिक खरिद योजना/गुरुयोजना :**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१४,८४,०४,८३४।०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३५ **पुँजीगत खर्चको अवस्था** -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा पालिकाको विवरण अनुसार यो वर्ष रु. ५,६३,५४,०३२।००बोलपत्रबाट, सिलबन्दी दरभाउपत्रबाट रु. १,४३,७८,९९८।०० सोझै रु.२२,९१,७९३।०० र उपभोक्ता समिति तथा अन्य खरिद रु. ७,५३,८०,०११।०० गरेको छ। सोझै तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

३६ **ठेक्का व्यवस्था :**

३६.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा रु. १० लाखको खरिद कार्य सोझै गर्न सकिने, रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ ।कार्यालयले ठेक्का मार्फत प्रतिस्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका समामाग्रि खरिद तथा निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ६३.७८ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । कार्यालयको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । कार्यालयको विवरण अनुसार यस्ता बोलपत्रका केही उदाहरणहरु निम्नानुसार रहेका छन् । निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा कार्यालयको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । यस सम्वन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार रहेका छन् ।

क्र.सं.	भौ. नं./मिती	फर्म	विवरण	लागत अनुमान रु.	सम्झौता रकम रु.	घटी प्रतिशत	खरिद विधी
१	१८३।०८१। १२।३० २६९।०८२। ३।२५	मालारानी निर्माण सेवा	पातालकटेरा थामा कोडाले सिमलचौर सडक निर्माण	१५५२६४५८	८८६९३९८	४२.८८	बोलपत्र
२	३०।०८२।३। १० ४१।०८२।३। २४	इन्फ्रा डि विल्डर्स	कालिका नेपाल राष्ट्रिय मावि भवन निर्माण	११५२६१६८	८४५९६७८	२६.६०	बोलपत्र
३	२५०।०८१। १२।२०	शैलेस स्टेशनरी एण्ड सप्लायर्स	स्टेशनरी सामान	१४९९७३६	७२३६५३	५२.७४	सिलवन्दी दरभाउपत्र
४	४२।०८१।८। १६	एञ्जल टच हाइजिन म्यानुफ्याक्चरिंग प्रालि	स्यानेटरी प्याड	१७७२८३०	१०२९०२०	४१.९५	सिलवन्दी दरभाउपत्र
५	१२८।०८२। २।१२	समुन्द्र मेडिको फर्मा	औषधि खरिद	२०७१९८०	९४६३३३	५४.३२	सिलवन्दी दरभाउपत्र
६	५०७।०८२। ३।२३ २८८।०८२। ३।२३	समुन्द्र मेडिको फर्मा	औषधि खरिद	७८००००	३७४१८२	५२.०३	सिलवन्दी दरभाउपत्र
७	५१६।०८२। ३।२३	समुन्द्र मेडिको फर्मा	औषधि खरिद	८९९९९	३२५९५२	६३.७८	सिलवन्दी दरभाउपत्र
८	४२३।०८२। ३।६	सिर्जना मेडिसिन सप्लायर्स	औषधि खरिद	२४९९९९५	९६९३०२	६१.२२	सिलवन्दी दरभाउपत्र

३६.२ **स्टेशनरी सामान (ठेक्का नं. १२।०८१।८२) -** खरिदका लागि प्रकाशित सिलवन्दी दरभाउपत्रमा ६ दरभाउपत्र पेश भएकोमा सवभन्दा कम कवोल गर्ने श्री प्यारागन इन्टरनेशनल ट्रेड सप्लायर्सको सवभन्दा न्युन कवोल अंक रु ६,८९,३८८।१४ रहेकोमा ०८१।८।२७ को मूल्यांकन समितीको प्रतिवेदन अनुसार निज फर्मले पेश गरेको विडवण्डको मान्य अवधी कम भएकोले प्राविधिक रुपमा अयोग्य उल्लेख गरि दोश्रो न्युन कवोल गर्ने शैलेस स्टेशनरी सप्लायर्ससँग रु ७,२३,६५३।०० को सम्झौता गरेको छ ।

३६.३ **औषधि खरिद** – औषधि खरिदका ठेक्कामा लागत अनुमान र सम्झौताको तुलना गर्दा कतिपय औषधि लागत अनुमानको तुलनामा अत्यन्त न्युन कवोल गरेको देखिन्छ । यस्ता औषधिहरुको गुणस्तर परीक्षण गरेको पाइएन। उदाहरणस्वरुप ठेक्का नं. ३।०८१।८२ को लागत अनुमान रु २०,७१,९७९।०० रहेकोमा मध्यान्ह राष्ट्रिय दैनिकमा २०८०।६।७ मा ठेक्का आह्मान गर्दा ५ प्रस्ताव पेश भएको देखिन्छ । सोमध्ये सवभन्दा कम कवोल गर्ने समुन्द्र मेडिको फर्मासँग २०८१।८।६ मा रु ९,४६,३३३।०० सम्झौता भएको छ । औषधि आपूर्तिकर्ताले समयमै उपलब्ध नगराएकाले रु ३५,०१४।०० जरिवाना गरेको र सम्झौतामा भएको तर नेपालमा नपाइने औषधिका सम्वन्धमा औषधि व्यवस्था विभागको पत्रानुसार नल्याएको उल्लेख गरेकाले जम्मा रू ८,९५,००६।७७ को औषधि प्राप्त भएको छ । न्युन दरमा कवोल गरेका केहि औषधीहरुको उदाहरणहरु निम्नानुसार रहेका छन् ।

औषधिको नाम	लागत अनुमानमा रहेको दर रु	ठेक्का सम्झौताको दर रु
Paracetamol syrup	२३.८६	०.०१
BP Set	१६४०.४३	०.१२
Ibuprofen 200 mg	१.६७	०.०१
Metronidazole oral liquid	४४.४०	१८
Cipro eye/ear drop	२३.५९	०.०१
frusemide	१.५७	०.०१
nitrofurantion	७.६३	०.०१
Azithromycin 500 mg	२१.८५	०.०१

३६.४ **स्थलगत निरीक्षण** - कालिका नेपाल राष्ट्रिय माविको शैक्षिक भवन निर्माण (ठेक्का नं. १३।०८१.८२) को लागि रु १,१५,२६,१६८।०० को लागत अनुमान तयार गरी लुम्विनी पत्रिकामा २०८१।८।३० मा वोलपत्रको सूचना प्रकाशन भएको देखिन्छ । प्राप्त ५ वोलपत्रमध्ये सवभन्दा कम कवोल गर्ने इन्फ्रा डि विल्डर्सको रु ८४,५९,६७८।०० को वोलपत्र स्वीकृती भई २०८१।११।१ मा सम्झौता भएको छ । यस वर्ष सम्झौता अनुसारको कार्य सम्पन्न भई रु ८४,५९,६७८।०० भुक्तानी भएको छ ।साथै कोटेशनवाट सोहि निर्माण व्यवसायिलाई रु ९,९०,८१६।०० थप कामको भुक्तानी भएको छ ।उक्त विद्यालयको डिपिआरमा साढे ३ तला निर्माण गर्ने उल्लेख भएकोमा उपलव्ध बजेटको कारण जनाई यसवर्ष पहिलो तल्लाको कार्य सम्पन्न नै नगरी २ तलासम्मको संरचनाको निर्माण कार्य मात्र गरेको देखिन्छ । यसले गर्दा विम, पिल्लर लगायत संरचनाका काम थपिएको तर इट्टाको गार्हो, स्क्रिटिंग, पनिंग, पार्टिशन, सेनिटरी, बत्ति तथा फिनिसिंगको कार्य वाँकी नै रहेकोले पहिलो तला समेत सञ्चालनमा आउन सकेको देखिएन । समयमै कार्यसम्पन्न गरी विद्यालय सञ्चालनमा ल्याउनुपर्दछ ।

३७ **सोझै खरिद :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा १० लाखको खरिद कार्य सोझै गर्न सकिने, रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने उल्लेख छ । उदाहरण स्वरुप निम्नानुसारका निर्माण कार्य, सामान खरिद सोझै खरीद गरेकोले प्रतिस्पर्धात्मक खरीद कार्य हुन सकेको छैन । खरीद कार्य गर्दा नियमावलीको व्यवस्था वमोजिम गर्नुपर्दछ।

गो भौ र मिति	भुक्तानी पाउने	योजनाको नाम	भुक्तानी रकम	खरिद विधी
५।०८१।६।२१	मनोज स्टोर्स एण्ड जनरल सप्लायर्स	HDPE पाइप खरिद	९९८२१३	सोझै
२०६।०८२।२।२८	मनोज स्टोर्स एण्ड जनरल सप्लायर्स	HDPE पाइप खरिद	६४९७५४	सोझै
१५७।०८१।९।१८	अर्घा डिजिटल प्रिन्ट एण्ड विविध सप्लायर्स	स्टेशनरी सामान	२२३००	सोझै
१५७।०८१।९।१८	नवज्योती पुस्तक तथा स्टेशनरी	स्टेशनरी सामान	१६७५७	सोझै
१५७।०८१।९।१८	एप्पल कम्प्युटर सप्लायर्स	स्टेशनरी सामान	७०७४२१	सोझै
१५७।०८१।९।१८	शैलेस स्टेशनरी एण्ड सप्लायर्स	स्टेशनरी सामान	५८८९५६	सोझै
१६४।०८१।९।२९	प्रभात प्रकाशन प्रालि	स्टेशनरी सामान	१२९६६७	सोझै
	बन्दना निर्माण सेवा	कोल्ड स्टोरको फेन्सिग कार्य	४०१००८	सोझै
	बन्दना निर्माण सेवा	साझा सुविधा केन्द्रको निर्माण	४९६३६१	सोझै
	खत्री निर्माण सेवा	बहुउद्देश्यीय भवन निर्माण कार्य	२०७६६३	सोझै
	नयाँ नेपाल निर्माण सेवा	भवन निर्माण कार्य	१९५९४३	सोझै

३८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

३९ **बजेट तथा कार्यक्रम**

३९.१ **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

३९.२ **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।साथै पालिकाले सभाबाट स्वीकृत कार्यक्रम र

प्रदेश सरकार तथा अन्य प्रदेश कार्यालयबाट संचालित पालिका क्षेत्र भित्रको योजना तथा कार्यक्रममा दोहोरो परे नपरेको यकिन गर्न संचालित योजना तथा कार्यक्रमको दोहोरो नपर्ने गरी अभिलेख राखेको नदेखिएकोले लगत राखी दोहोरो पर्नबाट जोगाउनुपर्दछ ।

३९.३ **बजेट पेश, पारित र अख्तियारी** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०८१।३।१० मा बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।२४ मा पारित भएको छ । यसैगरी अध्यक्षले मिति २०८१।३।३० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

४० **सम्भाव्यता अध्ययन/डी.पी.आर** -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा यो वर्ष रु.९८९,९८२।०० .खर्च गरेको छ। सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ।

कार्यविवरण	**परामर्शदाता**	**स्वीकृतरु.**	**भुक्तानीरु.**
देउराली सिता गुरासे कालिञ्चौक मोटर वाटो	लिटिल स्टार कन्सल्टेन्सी	४९८००९	४९८००९
३ विद्यालयको माटो परीक्षण	पेसो कन्सल्टेन्ट प्रालि	४९१९७३	४९१९७३
जम्मा			**९,८९,९८२**

४१ **कर्मचारी ब्यवस्था**

४१.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ५१ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर १, सव इन्जिनियर २, स्वास्थ अधिकृत १ सहित २९ पदहरु रिक्त रहेको विवरण पेश भएको छ।

४१.२ **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले करार सेवा शुल्कमा विभिन्न पदमा कर्मचारीहरुलाई स्वीकृत दरबन्दीभित्र पालिका र स्वास्थ्य संस्थातर्फ ५५ जना करारमा राखी रु.१ करोड ६५ लाख खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाको कर्मचारी विवरण अनुसार दरबन्दि बाहिरका ६ जना कर्मचारि नियुक्त गरी २०८१।८२ मा तलव रु. २५,६६,३५६।०० भुक्तानी गरेको पाइयो ।

ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	२५,६६,३५६

४२ **दिवा खाजा**

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट आ.व. २०८१/८२ का लागि कार्यक्रम कार्यान्वयन कार्यविधि पुस्तिकाको क्रि.नं. २.७.१३.१३४४ मा स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने उल्लेख छ। सामुदायिक बालविकासदेखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाका लागि विद्यालयमा उपस्थित भएको दिनको दैनिक रु.१५ का दरले १८० दिनसम्मको दिवाखाजा वापत अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ। यसरी रकम निकासा गर्दा प्रथम त्रैमासिकमा IEMIS मा समावेश भएको बालविकासदेखि कक्षा ५ सम्मको विद्यार्थी संख्यालाई आधार मानी विद्यालयमा रकम निकासा दिने र दोस्रो त्रैमासिकदेखि भौतिक रुपमा विद्यालय पुरा चलेको दिनको आधारमा प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट विद्यार्थिको संख्यात्मक विवरण प्रमाणित गराई संख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। पालिकाले IEMIS मा प्रविष्ट विद्यार्थी संख्यालाई आधार मानी दिवा खाजा निकासा गरेको छ । कार्यान्वयन पुस्तिकामा भएको व्यवस्था बमोजिम विद्यार्थीको वास्तविक संख्या यकिन भएको प्रमाणित कागजात बेगर दिवाखाजाको लागि विद्यालयहरुमा रु. ३८,०२,४९१।०० निकासा गरेको छ। विद्यालयबाट प्रमाणित विद्यार्थी संख्याको विवरण लिएर मात्र दिवाखाजा वापतको रकम निकासा गर्ने र निकासा रकम सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।

उक्त कार्यक्रम कार्यान्वयन प्रक्रियामा संघिय सम्बद्ध मन्त्रालयसँगको सहकार्यमा मन्त्रालयबाट निर्मित स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रमको प्रारुप बमोजिम र संस्थागत समन्वय एंव साझेदारीका आधारमा प्रबोधिरण सामग्री विकास गर्नु पर्दछ।

४३ **अतिथी सत्कार तथा विविध खर्च –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस बर्ष पालिका र वडातर्फ समेत रु ३१ लाख ९९ हजार खर्च लेख्दा उक्त खर्चको प्रयोजन खुल्ने गरि गर्नु पर्नेमा सो गरेको देखिएन । पालिकाले आगामी दिनमा मापदण्ड बनाई आवश्यकता र औचित्यको आधारमा मात्र विविध तथा अतिथी सत्कार खर्च गरि यस प्रकारको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।यस्का केहि उदाहरणहरु निम्नानुसार रहेका छन् ।

भौ.नं./मिती	**विवरण**	**रु.**	**कैफियत**
३४।०८१।६।२२	जीसी होटल	१६००००	पालिकातर्फ
११५।०८१।९।२	जीसी होटल	१३४९८०	पालिकातर्फ
१२६।०८१।९।१७	जीसी होटल, चौहान होटल	१९८१०५	पालिकातर्फ
३४१।०८२।२।२८	जीसी होटल	२४६२३५	पालिकातर्फ
५३०।०८२।३।२४	जीसी होटल, चौहान होटल	२८३०००	पालिकातर्फ
१२०।०८१।९।१६	विभिन्न होटलका विल	८७३९६४	वडाहरुतर्फ
२८४।०८२।१।९	विभिन्न होटलका विल	२७८९१५	वडाहरुतर्फ
४४७।०८२।३।१५	विभिन्न होटलका विल	८४७१२१	वडाहरुतर्फ

४४ **हेभी इक्विपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित कतिपय सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको केही उदाहरणहरु निम्नानुसार रहेका छन :

भौ.नं./मिति	उपभोक्ता समितिको नाम	भुक्तानी रु.	हेभी उपकरणमा भएको खर्च रु.	उपकरण उपलब्ध गराउने फर्म	फर्मको स्थायि लेखा नं.
१६०।०७९।११।१८	वडा नं. १ भित्रका मोटरवाटो निर्माण उपभोक्ता समिती	३९८३०३	२६८४८८	नयाँ निर्माण सेवा उद्योग	३०१२५७४६४
१७८।०८१।१२।१५	वडा नं. २ भित्रका मोटरवाटो निर्माण उपभोक्ता समिती	५०००००	३०३७४४	नयाँ निर्माण सेवा उद्योग	३०१२५७४६४
१७०।०८१।१२।७	वडा नं. ३ भित्रका मोटरवाटो निर्माण उपभोक्ता समिती	५५००००	३९५०००	मालारानी निर्माण सेवा प्रालि	६०६६५३१९८
१७१।०८१।१२।७	वडा नं. ४ भित्रका मोटरवाटो निर्माण उपभोक्ता समिती	७०००००	४९५००१	मालारानी निर्माण सेवा प्रालि	६०६६५३१९८
१६३।०८१।११।१९	वडा नं. ६ भित्रका मोटरवाटो निर्माण उपभोक्ता समिती	५९३६९८	३९९३००	भुषाल निर्माण सेवा	६०८६३२८८३
१९२।०८२।२।६	वडा नं. ७ भित्रका मोटरवाटो निर्माण उपभोक्ता समिती	४९००००	३३९०००	नयाँ निर्माण सेवा उद्योग	३०१२५७४६४
१६८।०८१।१२।४	वडा नं. ८ भित्रका मोटरवाटो निर्माण उपभोक्ता समिती	६०००००	४०१५००	जय मालारानी कन्स्ट्रक्सन	६२०९३८५२५
१६२।०८१।११।१९	वडा नं. ९ भित्रका मोटरवाटो निर्माण उपभोक्ता समिती	७८००००	५२२२४६	बञ्जाडे लिल्डर्स	६०३४८१७२३
२७७/ २०८२।३।२५	किरण मा. वि. धावन मार्ग निर्माण उपभोक्ता समिती	१०००००	१०००००	मालारानी निर्माण सेवा प्रा. ली.	६०६६५३१९८
२६५/ २०८२।०३।२५	नुनथला खानिखोला मोटरबाटो निर्माण उपभोक्ता समिती	१०००००	३००००	जय मालारानी कन्स्ट्क्सन	६२०९३८५२५
९९/ २०८१।०७।०५	एक पालिका एक वन नर्सरी निर्माण उपभोक्ता समिती	२९८१००	१४४९५६	मालारानी निर्माण सेवा प्रा. ली.	६०६६५३१९८

४५ **लागत सहभागिता** —

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले नगद सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः उपभोक्ता समितिको अर्थपूर्ण सहभागिता कायम गर्दै नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

४६ **फोहरमैला व्यवस्थापन** –

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै

वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

४७ **अनुत्पादक तथा वितरणमुखि खर्च : यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।**

४७.१ **पाइप वितरण -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना छनौट गर्दा ध्यानदिनु पर्ने बिषयहरुमा आर्थिक विकास, गरिवी निवारण, उत्पादनमुलक र छिटो प्रतिफल दिने जस्ता विषयहरुलाई ध्यान दिनुपर्ने उल्लेख छ ।

पालिकाले निम्नानुसार पाइप खरिद गरी वितरण गरेको छ । सोमध्ये भौ.नं. ५ मिती ०८१।६।२१वाट HDPE पाइप खरिद मनोज स्टोर्स एण्ड जनरल सप्लायर्सलाई भुक्तानी दिइ रु ३८.९९ का दरले खरिद गरिएको २०mm को १०,२५० मिटर पाइप निवेदनका आधारमा विभिन्न कृषक समूह, व्यक्तिलाई ८,५३५ मिटर वितरण गरेको देखिन्छ । सो मध्ये १७१५ मिटरको भर्पाइ पेश नभएकाले भर्पाइ पेश गर्नुपर्ने रु.

क्र.सं.	भौ.नं./मिति	खर्चकोविवरण	फर्मको नाम	रकम
१	५।०८१।६।२१	HDPE पाइप खरिद	मनोज स्टोर्स एण्ड जनरल सप्लायर्स	९९८२१३
२	२०६।०८२।२।२८	HDPE पाइप खरिद	मनोज स्टोर्स एण्ड जनरल सप्लायर्स	६४९७५४

प्रमाण पेश नगरेको	६६,८६८

४७.२ **उपाध्यक्ष सामाजिक सुरक्षा कार्यक्रम -** संघ सरकारद्धारा सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन हुँदै आएको छ । पालिकाले उक्त कार्यक्रममा नसमेटिएका अविवाहित, एकल विधुर, विवाह भएपनि सन्तान नभएका, सहारा नभएका र सहाराविहिन वालवालिकालाइ लक्षित गरी उपाध्यक्ष सहाराविहिन सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरेको छ । सो कार्यक्रमवाट गतवर्षको दायित्व रु ११,९२,०००।०० समेत यसवर्ष रु २१,५४,०००।०० भुक्तानी भएको छ । यस्ता कार्यक्रमले लाभान्वित वर्गमा दोहोरोपना पर्नसक्ने र उत्पादनमूलक क्षेत्रमा पालिकाको लगानि घटाउन सक्ने हुँदा यस्तो कार्यक्रमलाई नियन्त्रण गर्नुपर्दछ ।

४७.३ **जस्तापाता वितरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । गाउपालिकाले लागत साझेदारीमा यस कार्यक्रम अन्तर्गत ८१९ बण्डल जस्तापाता खरिद गरि वितरण गरेको भर्पाइ पेश गरेको छ । २०८१।८।१६ मा स्वीकृत रु. १,१२,४५,८९५।०० को लागत अनुमान अनुसार २०८१।८।३० मा प्रकाशित वोलपत्रमा ३ विक्रेताले वोलपत्र पेश गरेकोमा सवभन्दा न्युन कवोल गर्ने सिद्धार्थ हार्डवेयर प्रालिसँग २०८१।१०।२८ मा रु. ८६,०६,८७१।०० को सम्झौता गरेको देखिन्छ । सोमध्ये सामान ढिलो उपलव्ध गराएवापत रु ९४,६७५।०० जरिवाना कट्टी गरी रु ८,५१,२१५१।०० भुक्तानी भएको छ । संघ सरकारवाट सुरक्षित नागरिक आवास कार्यान्वियन कार्यबिधि २०७५ अनुसार कार्यक्रम कार्यान्वियन भएकोमा पुन पालिकाले यस्तो वितरणमुखि कार्यक्रम सञ्चालन गरेको पाइयो । जस्तापाता मागका लागि निवेदन गरेका आधारमा वितरण गर्ने गरेको र हालसम्म कति लाभान्वित भए सो को अद्यावधिक अभिलेख नराखिएकोले दोहोरो पर्नसक्ने जोखिम रहेको देखिन्छ । यस्ता वितरणमुखि कार्यक्रमलाई नियन्त्रण गर्नुपर्दछ।

४८ **अनुदान -**

४८.१ सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ ।तर पालिकाले बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।अनुदान सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्।

४८.२ **कृषि यन्त्र अनुदान-** गाउपालिकाको कार्यक्रम अन्तर्गत ५० प्रतिशत लागत साझेदारीमा कृषि यन्त्र उपकरण हस्तान्तरणका लागि मिनि टिलर र कुटानी पिसानी मेशिन खरिदका लागि रु १९,९१,०००।०० को लागत अनुमान ०८२।२।१३ मा स्वीकृत गरी सिलवन्दी दरभाउपत्रको सूचना प्रकाशन गरेकोमा ४ दरभाउपत्र पेश भएको देखिन्छ । सोमध्ये सवभन्दा कम कवोल गर्ने स्मार्ट मेडिया तथा टेक्नोलोजीको रु १६,२८,०००।०० को प्रस्ताव रहेकोमा गियरबक्स र इन्जिनको क्षमता कम भएको उल्लेख गरी मूल्यांकन समितीले २०८२।३।१७ को प्राविधिक मूल्यांकनमा अनुतिर्ण गरेको छ ।सो पश्चात दोश्रो कम कबुल गर्ने अस्टदिप एग्रो इन्जिनियरिंग सेल्सको रु १८,०१,८००।०० प्रस्ताव स्वीकृत भएको देखिन्छ ।पालिकाले भौ. नं. २४५।०८२।३।२३ वाट ५० प्रतिशत अनुदानवापत रु ९,००,९००।०० भुक्तानी गरेको छ । पालिकाले खरिद गरेका यस्ता कृषि यन्त्र फर्म/सहकारी संस्थालाई उपलव्ध गराएकोमा उक्त फर्म/ सहकारी संस्थाले कृषकलाई बुझाएको भर्पाई श्रेस्तामा समावेश गरेको छ ।सेवाग्राहिको माग प्राप्ति र छनौटका लागि वेभसाइटमा प्रकाशन र सूचना टास गर्ने विधि अवलम्वन गरेको कागजात श्रेस्तामा समावेश गरेतापनि सेवाग्राहिको निवेदन र सोमध्ये छनौटका लागि अवलम्वन गरेको प्रकृया एउटै फाइलमा व्यवस्थित गरि राखेको छैन । अपेक्षित लाभग्राहि छनौट हुने अवसर सिर्जना गरी यस्तो वितरणमुखि कार्यक्रमलाई क्रमश नियन्त्रण गर्दै जानुपर्दछ ।

४९ **इन्धन खर्च :**

स्थानिय तहका पदाधिकारि तथा सदस्यले पाउने सुविधा सम्बन्धि कानुनमा संसोधन र एकिकृत गर्न बनेको ऐन २०७६ को अनुसुचिमा अध्यक्ष तथा उपाध्यक्षले प्रति महिना १२०/१२० लिटर तथा इन्धन सुविधा पाउने व्यवस्था भएकोमा पालिकाको विवरण अनुसार यस वर्ष इन्धन रु १७,७७,७८६।०० खर्च भएको छ । पदाधिकारीहरु अनुगमनमा समेत जानुपर्ने र कार्यालयको काममा आवश्यक परेकोले इन्धनको खर्च बढी देखिएको कार्यालयको भनाई रहेको छ । यसरी हुने इन्धन खर्चमा नियन्त्रण गरी सेवा प्रवाह चुस्त दुरुस्त बनाउनुपर्दछ।

५० **व्याकहो लोडरको प्रयोग –**

पालिकावाट प्राप्त विवरण अनुसार व्याकहो लोडरको आम्दानि र खर्चको अवस्था निम्नानुसार रहेको छ ।

क्र.स	**सवारिसाधनकोविवरण**	**आम्दानि**	**इन्धन**
१	व्याकहोलोडर	८,४२,७८०	९,८०,७७५

पालिकाले एक थान ब्याकहो लोडर, ट्र्याक्टर तथा एम्बुलेन्स खरिद गरी संचालनमा ल्याएको छ । मेशिन तथा सवारि साधन संचालन सम्बन्धी स्पस्ट कार्य योजना तथा कार्यविधि बनाई मेशिन तथा सवारि साधनको उच्चतम परिचालन गरी यसको आम्दानी तथा खर्च सुनिश्चित गर्नु पर्दछ । मेशिन तथा सवारि साधनको भाडादर, मर्मत खर्च, इन्धन खर्च, चालक तथा सहचालकको पारिश्रमिक र भाडा आम्दानीलाई चल्ती सवारी साधनको लगबुकसंग आबद्ध गरी खर्च र आम्दानीको हिसाव अध्याबधिक बनाउनु पर्दछ । मेशिन तथा सवारि साधन संचालनबाट प्राप्तहुने भाडा आय र इन्धन, चालक सहचालकको पारिश्रमिक तथा मर्मत संभार खर्चको छुट्टै हिसाव राख्ने व्यवस्था गर्नुपर्दछ । स्रेस्ता परिक्षण गर्दा कार्यालयले यस आर्थिक वर्षमा जम्मा ९०७ घण्टा व्याकहो लोडर संचालन गरेको छ भने यसबाट भएको कामको परिमाण नापि कितावमा चढाएको छैन।कार्यालयको भनाइ अनुसार पहिरो तथा बाटो पन्छाउन कार्यालयले नै बढि प्रयोग गरेकोले यसको आम्दानि कम देखिएको भन्ने रहेको छ। पालिकाले सो मेशिन तथा सवारि साधनहरु संचालनको अवधी विवरण अध्याबधिक गरी यसको संचालन आय व्ययको विवरण यकिन गर्नुपर्दछ । मेशिन तथा सवारि संचालन खर्चको तुलनामा आय न्यून देखिएको हुँदा मेशिन संचालनको आय व्यय विवरण विश्वसनीयता यकिन हुन सकेन । पालिकाले यसको आय व्ययको हिसाव यकिन गर्नुपर्दछ।

५१ **ठेक्का अभिलेखः-**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०६ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर कार्यालयले उक्त अभिलेख राखेको छैन। साथै वोलपत्र विक्रि, दाखिला रजिस्टर, पत्रिकामा सूचना प्रकाशन लगायतका विड

डकुमेन्ट सम्वद्ध सम्पूर्ण कागजात व्यवस्थित ढंगले एउटै फाइलमा राखेको पाइएन । अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख तथा फाइल व्यवस्थित तथा अद्यावधिक गरी राख्नुपर्दछ।

५२ **कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता साझेदारी परियोजना (हेफर प्रोजेक्ट नेपाल)** -

५२.१ कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्न लाभग्राहीहरुलाई स्वावलम्वी समूहहरुमा बाख्रा व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुसरणवाट उत्पादन, उत्पादकत्व र उद्यमशिलता अभिवृद्धि गर्नु र विभिन्न बिषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ पशु खरिद, वागवानी तथा ढुवानी, कृषि सामग्री तथा यन्त्र उपकरण, तालिम तथा अनुगमनका लागि कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल) र पालिका वीच रु. ३,३३,३३,३३३।०० को लागत साझेदारीमा मिति २०८३।१।२१ सम्म कार्यक्रम सञ्चालन गर्ने गरी मिति २०८०।८।२२ मा सम्झौता भएको छ । कुल लागत मध्ये रु. २,३३,३३,३३३।०० पालिकाले र बाँकी हुने रकम रू. १,००,००,०००।०० हेफरले व्यहोर्ने व्यवस्था गरेको छ।यस परियोजना अन्तर्गत यस कार्यालयवाट हेफर प्रोजेक्ट नेपाललाई आ.व. २०८१।८२ मा रु. १,०४,५३,८४७।०० भुक्तानी भएको छ । हेफर इन्टरनेशनलसँग बहुवर्षीय दायित्व सिर्जना गर्ने गरी सम्झौता गर्नु बजेट नीति तथा सिद्धान्त बमोजिम देखिएन ।यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छन् :

५२.२ पालिकाले हेफरसँग कृषि तथा पशु उद्यमशिलता विकास परियोजना सञ्चालनको लागि २०८०।८।२२ मा तीन वर्षको लागि सम्झौता गरेकोमध्ये पालिकाबाट गर्ने खर्चमध्ये अनुगमन/ मुल्याङ्कनमा रु. ८७,०००।०० तालिममा रु. १५,०५,०६०।०० समेत रु.१५,९२,०६०।०० हेफरलाई किस्तामा उपलब्ध गराएको छ।पालिकामा रहेका स्थाई दरबन्दी भित्रको कृषि शाखाबाट सम्पादन गर्नुपर्ने नियमित काम उक्त गैरसरकारी संस्थालाई भुक्तानी गर्ने गरी सम्झौता गरेर व्ययभार बढाएको देखिएको रु.

अनियमित भएको	१५,९२,०६०

५२.३ पालिकाले सम्पादन गर्नुपर्ने कार्यक्रमहरु जस्तो बाख्रा वितरण, खोर सुधार, घाँसको विउ वितरण तथा सचेतना सम्वन्धि तालिम कार्यक्रमहरुलाइ व्यवस्थापन गर्न दरवन्दी अनुसार कृषि तथा पशु प्राविधिक कार्यरत रहेको, कृषि तथा पशु सेवामा योगदान पुरयाउन एक पालिका एक प्राबिधिक को छुट्टै व्यवस्था गरिएकोमा यस्ता कार्यक्रमहरु कार्यालयका कर्मचारीहरुवाट नै नगराई परामर्शदाताको खोजी गरि हेफर प्रोजेक्ट नेपालबाट गराईनु युक्तिसंगत देखिएन।अत पालिकाका कृषि प्राविधिकबाट सम्पादन हुने पालिका भित्रका कामलाई पालिकाले समानिकरण अनुदानबाट गैरसरकारी संस्थालाई भुक्तानी गर्ने काम नियन्त्रण गर्नुपर्दछ।

५२.४ पालिका र हेफर नेपाल बीच भएको सम्झौता भएकोमा शत प्रतिशत कार्य ग्रामिण तथा सामुदायिक स्वास्थ्य विकास केन्द्र नेपाल (RCHDC) मार्फत गराएको छ। हेफर नेपाल संस्थावाट उक्त संस्था मार्फत सम्झौताको शत प्रतिशत कार्य गराई भुक्तानी लिएको पाईयो । सम्झौता अनुसार संचालित कार्यक्रमको कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले व्यवस्थापन कार्यविधि २०७७ बमोजिम चौमासिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने र कार्यक्रमको अन्तिम भुक्तानी हुनुअघि पालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था रहेकोमा पालिकावाट स्थलगत अनुगमन सहित कमि कमजोरी भएकोमा सुधार गर्न लगाउने गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

५२.५ सम्झौता अनुसार परियोजनाको प्रगति प्रतिवेदनमा क्रियाकलाप सम्पादन भएको र त्यसवाट आएको उपलब्धी र सो कार्यक्रमले पारेको प्रभावलाई समेत समेटी हेफर संस्थाले पालिकामा पेश गर्नुपर्ने व्यवस्था छ । हेफर प्रोजेक्ट नेपालले यस कार्यक्रम वाट प्राप्त उपलब्धी र पारेको प्रभाव प्रतिवेदनमा समेटी पालिकामा पेश गर्ने गरेको देखिएन।उपलब्धी र प्रभावलाई मापन गर्ने वस्तुगत आधार तथा मापदण्ड तयार नगरी सम्झौता भएको छ।यसले गर्दा यो कार्यक्रम सञ्चालन पूर्व लक्षित परिवारहरुको कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास को बास्तविक अवस्था एकिन गरेको छैन् भने कार्यक्रम सञ्चालन पश्चात कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकासमा के कस्तो सुधार तथा

परिवर्तन भयो विश्लेषण गर्न सक्ने अवस्था रहेन। वस्तुगत आधार तथा मापदण्ड तयार नगरी कार्यक्रम सञ्चालन गर्नाले सरकारी खर्चको प्रतिफल र गुणस्तरमा आस्वस्त हुन सकिएन । तसर्थ वस्तुगत आधार तथा मापदण्ड तयार गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

५२.६ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार कुनै कारोबार गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थाई लेखा नम्वर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्थावाट मात्र गर्नुपर्ने र रु. २० हजार भन्दा बढीको खरिद गर्नुपर्दा मु.अ.कर दर्ता भएकाबाट गर्न पर्ने व्यवस्था रहेको छ।त्यस्तै मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० अनुसार कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु गर्नु भन्दा अघि कारोबार दर्ता गरेको हुनुपर्ने र दफा १४ अनुसार बस्तु वा सेवा आपुर्ति गर्दा प्रापकलाई बिजक दिनुपर्ने र नियमावली, २०५३ को नियम १७ अनुसार दर्ता भएको व्यक्तिले कुनै बस्तु वा सेवा आपुर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनुसूची- ५ र ५क बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ। पालिकाले यस बर्ष हेफर प्रोजेक्ट नेपाललाई रु. १,०४५३८४७।०० भुक्तानी गरेको र हेफर प्रोजेक्टले ग्रामिण तथा सामुदायिक स्वास्थ्य विकास केन्द्र नेपाल(RCHDC) मार्फत कार्यक्रम कार्यान्वियन गराएकोमा हेफर प्रोजेक्ट नेपाल वा स्थानिय साझेदारले नियमानुसारको विजक वा कर विजक जारी गर्ने गरेको छैन र पालिकाले समेत विल विजक माग नै नगरी कारोबार रकम भुक्तानी दिने गरेको देखियो ।अत : कानून अनुसार बिल विजक जारी नै नगरी आर्थिक कारोबार गरेको देखिएकोले नियमसम्मत देखिएन । हेफर नेपालसँग कार्यक्रम सम्झौता भएकोले सोही संस्थाले बिजक जारी गर्नु पर्नेमा स्थानीय गैर सरकारी संस्था प्रयोग गरी खर्चका बिल भरपाईहरु पेश गरेको अवस्थामा भुक्तानी हुने गरेकोले पालिकावाट भुक्तानी भएको कार्यक्रममा लागत साझेदारी गर्नुपर्नेमा संस्थाको कर्मचारी तलब जस्तो प्रशासनिक कार्यमा गैरसरकारी संस्थाले ३० प्रतिशत योगदान गर्ने र ७० प्रतिशत वास्तविक कार्यक्रम खर्च पालिकाले वेहोर्ने गरी सम्झौता गरेकोले गैह्सरकारी संस्थाको आफ्नै कर्मचारीको तलव खर्च साझेदारी रकममा परेको देखिन्छ ।

५३ **स्यानिटरी प्याड :**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १,६३६ जना रहेका छन। पालिकाले भौ. नं. ४२।०८१।८।१६ बाट ३७,०६३ प्याकेट स्यानिटरी प्याड रु. १०,२९,०२१।०० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा बर्षको विचमा आएर खरिद गरेको देखिन्छ।स्यानिटरी प्याड खरिदमा आवश्यकता पहिचान वेगर अत्याधिक खरिद गर्दा सो को उपयोग नहुँदै सोको म्याद गुज्रने जोखिम रहन्छ ।।खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।१६३६ विद्यार्थिका लागि बार्षिक ३२७२० प्याकेटले पुग्नेमा ३७०६३ थान खरिद गरि मौज्दात राखेको पाइयो ।बजेटका आधारमा खरिद गरेकाले विद्यार्थि संख्याभन्दा बढी हुनेगरी ४३४३ प्याकेट विद्यालयमा पठाएकाले आर्थिक वर्ष २०८२।८३ को खरिद परिमाणमा सो परिमाण घटाएर मात्र खरिद गर्नुपर्दछ ।

५४ **औषधी खरिद :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २५ लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। स्थानीय तहले विभिन्न फर्महरुवाट रु. ३३,१२,६३९।०० मुल्यको औषधी तथा स्वास्थ्य उपकरण इबिडिङग तथा सोझै खरिद गरी पालीका भित्रका स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाईहरुलाई हस्तान्तरण गरी पठाएको छ । खरिद भएका औषधीको माग अनुसार उपलव्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधी) को स्थिति सम्वन्धमा आवश्यक विवरण प्राप्त हुन सकेन । पालिकाले हस्तान्तरण गरेको औषधी सम्वन्धित स्वास्थ्य चौकिहरुले आफ्नो जिन्सि खातामा आम्दानी वाधि नागरिकलाई निशुल्क वितरण गरेको सुनिश्चित गर्नुपर्दछ ।यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

• औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

• औषधी खरिदका लागी लागत अनुमान तयार गर्दा स्वास्थ्य विभागको स्विकृत दररेटलाई आधार नलिएको,

• पालिका मातहत हस्तान्तरण गरी पठाएका औषधीहरुको सदुपयोग सम्बन्धमा अनुगमन नभएको,

औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्नुपर्दछ ।

५५ **कार्य सञ्चालन तथा अन्य कोष -**

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम सञ्चालन गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने बेहोरा उल्लेख गरेपनि यो कार्यालयले यो वर्ष कार्यसञ्चालन कोष र प्रकोप व्यवस्थापन कोष जस्ता कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रु. ४७,७१,२२३।०००० सहित रु. १,०५,७६,४६९।०० आय र रु. ९४,३३,१४४।०० खर्च गरी रु. ११,४३,३२५।०० मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरापना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक बाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

५६ **व्यहोरा फछ्र्यौट**

निम्न बमोजिमका आन्तरिक लेखापरीक्षणबाट औल्याइएका बेरुजुहरु लेखापरीक्षण अवधिसम्म पनि फछ्र्यौट नभएकाले फछ्यौट हुनुपर्दछ ।

• भौ. नं. ७४-०८१।७।१२ वाट कार्यालयका सवारी साधन बिमा वापतको रकम युनाइटेड इन्सोरेन्सलाई भुक्तानी भएको देखिन्छ । जसमा मान्य हुने अवधी उल्लेख हुने गरी विवरण तयार पार्नुपर्नेमा सो नदेखिएकोले सवारी साधनको विवरण तथा मान्य अवधि समेत उल्लेख भएको विवरण संलग्न गर्नुपर्दछ ।

• भौ. नं. ४७४-०८२।३।२० वाट टोल विकास संस्था गठन वापतको रकम वडा नं. ४ लाई भुक्तानी भएको देखिन्छ । पालिकाको टोल विकास संस्था संचालन कार्यविधी २०७४ को दफा ४ अनुसार गाउँपालिकामा सुचिकृत वा दर्ता हुनुपर्ने व्यवस्था रहेकोमा दर्ता वा सुचिकृत भएको प्रमाण संलग्न गरेको देखिएन ।

• भौ. नं. ४२९।०८२।३।१० वाट पालिका वडा नं. ४ को सुचना प्रसारण वापतको रकम मालारानी बहुउद्देश्यीय संञ्चार सहकारी संस्थालाई भुक्तानी भएकोमा वडाको सिफारिस पत्र समावेश भएको देखिएन ।यसैगरी सुचना प्रशारण गरेको विद्युतीय अभिलेख कार्यालयमा पेश हुनुपर्नेमा सो नदेखिएकोले उल्लेखित कागजात सलग्न हुनुपर्दछ ।

• पालिकाको कार्यपालिका बैठकमा ७ जना सम्म कर्मचारीहरुको नाम संलग्न गरेकोमा छलफल हुने विषयसँग सम्वन्धित कर्मचारीलाई मात्र सहभागी गराई बैठक भत्ता र खाजा/खाना खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

• गाउँपालिकाले रकम भुक्तानी गर्दा भुक्तानी माग फाराम (म.ले.प.फा.नं. २०२) नभरेको देखिएकोले आगामी दिनमा रकम भुक्तानी गर्दा सो फारामको प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

• पालिकाबाट पेश्की रकम भुक्तानी दिदा भर्नुपर्ने म.ले.प. फा.न. २०२ (क) भर्ने गरेको नदेखिएकाले म.ले.प. फाराम भरेर मात्र भुक्तानी दिने व्यवस्था मिलाउनुपर्दछ ।

• जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवम् सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अभिलेख राख्नुपर्दछ ।

• पालिका, वडा भित्र वा विद्यालयहरुमा संचालन भएका योजना तथा कार्यक्रमहरुको रकम भुक्तानी गर्दा वा कार्यक्रमको सम्झौता गर्दा वडाको सिफारिस लगायतका खर्च पुस्टि हुने कागजात समावेश गरिनुपर्दछ।

• सामग्री खरिद गर्दा खरिद समितीको निर्णयका आधारमा खरिद गर्ने व्यवस्था मिलाई खरिद फाइलमा समितिको निर्णय पुस्तिका संलग्न गर्नुपर्दछ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : मालारानी गाउँपालिका, अर्घाखाँची , मालारानी गाउँपालिका , अर्घाखाँची

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	गोभिन्द भट्टराई	२०८१-९-१९	हाल सम्म कार्यरत
लेखा प्रमुख	खुविराम पन्थी	२०७८-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
०	४,१५८,४१६	६६,८६८	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	४,२२५,२८४
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	४,२२५,२८४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३२९९४८३३.४	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	५७६५४९४५२.९६	**चालु खर्च**	३९२२५०२३०.६३
प्रदेश सरकारबाट अनुदान	२२९२७७००.०१	**पूँजीगत खर्च**	१४८४०४८३३.६
राजश्व बाँडफाँट	९४८६८६८०.८७	**वित्तीय/अन्य व्यवस्था**	१७५४७५४१९.३
आन्तरिक आय	९६२३३५१.२८		
अन्य आय	११३५८३८९.२५		
कुल आय	७१५३२७५७४.३७	**कुल खर्च**	७१६१३०४८३.५३
बाँकी मौज्दात		३२१९१९२४.२४	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		९,६३,५१,४५२.३७	०	९,६३,५१,४५२.३७	८,२२,०१,७७९.०७	०	८,२२,०१,७७९.०७
१३०००	अनुदान		४२,६०,५२,९१७.५६	०	४२,६०,५२,९१७.५६	४२,९७,९६,५७७.१५	०	४२,९७,९६,५७७.१५
१४०००	अन्य राजस्व		१,३६,०२,००२.४९	०	१,३६,०२,००२.४९	१,७५,४६,४४०.२६	०	१,७५,४६,४४०.२६
१५०००	विविध प्राप्ति		९,३७,२२४.४१	०	९,३७,२२४.४१	४३,२५२.००	०	४३,२५२.००
३३३६६	दहत्तर बहत्तर शुल्क		०	०	०	०	०	०
क	कुल जम्मा प्राप्ति		५३,६९,४३,५९६.८३		५३,६९,४३,५९६.८३	५२,९५,८८,०४८.४८		५२,९५,८८,०४८.४८
३	चालु		३८,९१,७८,५६९.३४	०	३८,९१,७८,५६९.३४	४०,३२,२८,५१७.८८	०	४०,३२,२८,५१७.८८
२१०००	पारिश्रमिक / सुविधा		२९,३१,२९,२७६.२४	०	२९,३१,२९,२७६.२४	२४,२९,३५,६८३.०३	०	२४,२९,३५,६८३.०३
२२०००	मालसामान तथा सेवाको उपयोग		७,४०,२७,००६.६९	०	७,४०,२७,००६.६९	१०,०९,३८,२६१.५८	०	१०,०९,३८,२६१.५८
२५०००	सहायता (Subsidy)		१,३७,९१,२६७.१३	०	१,३७,९१,२६७.१३	४,७६,०४,५३५.०७	०	४,७६,०४,५३५.०७
२७०००	सामाजिक सुरक्षा		५९,२७,८१२.००	०	५९,२७,८१२.००	१,०७,५८,२३५.२०	०	१,०७,५८,२३५.२०
२८०००	अन्य खर्च		२३,०३,२०७.२८	०	२३,०३,२०७.२८	९,९१,८०३.००	०	९,९१,८०३.००
४	पूंजीगत		१४,८१,०३,१६७.५६	०	१४,८१,०३,१६७.५६	११,९४,५६,८४२.१३	०	११,९४,५६,८४२.१३
३१११०	भवन तथा संरचना		२,६३,६८,३४२.००	०	२,६३,६८,३४२.००	३,०४,५७,५४७.००	०	३,०४,५७,५४७.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		१९,३०,१८४.४०	०	१९,३०,१८४.४०	१९,२०,७१०.००	०	१९,२०,७१०.००

३११३०	अन्य पूँजीगत खर्च		१,५०,८२,७२३.८८	०	१,५०,८२,७२३.८८	६१,२२,४७९.१३	०	६१,२२,४७९.१३
३११४०	सुरक्षा उपकरण		०	०	०	२,००,०००.००	०	२,००,०००.००
३११५०	सार्वजनिक निर्माण		८,६२,५७,३८४.२८	०	८,६२,५७,३८४.२८	८,०२,०४,०९३.००	०	८,०२,०४,०९३.००
३११६०	निर्मितसरचनाको सुधार खर्च		१,१०,६०,१२०.००	०	१,१०,६०,१२०.००	२,००,०००.००	०	२,००,०००.००
३११७०	पूँजीगत सुधार खर्च		७४,०४,४१३.००	०	७४,०४,४१३.००	३,५२,०१३.००	०	३,५२,०१३.००
ख)	कुल जम्मा भुक्तानी		५३,७२,८१,७३६.९०		५३,७२,८१,७३६.९०	५२,२६,८५,३६०.०१		५२,२६,८५,३६०.०१
ग)	बचत /कमी (ग = क-ख)		(३,३८,१४०.०७)		(३,३८,१४०.०७)	६९,०२,६८८.४७		६९,०२,६८८.४७
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)		(४,६४,७६९.०९)		(४,६४,७६९.०९)	६२,८७,१९७.८४		६२,८७,१९७.८४
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी					(८,५२,८१७.९६)		(८,५२,८१७.९६)
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		(८,०२,९०९.१६)		(८,०२,९०९.१६)	१,३१,८९,८८६.३१		१,३१,८९,८८६.३१
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		३,२९,९४,८३३.४०		३,२९,९४,८३३.४०	१,९०,८५,२५९.१३		१,९०,८५,२५९.१३
छ)	विनिमय नाफा/ घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको		३,२१,९१,९२४.२४		३,२१,९१,९२४.२४	३,२२,७५,१४५.४४		३,२२,७५,१४५.४४

	बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)								

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वियन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।